# b]zsf] jt{dfg cfly{s l:ylt

(आर्थिक वर्ष २०६३/६४ को पहिलो एघार महिनाको तथ्याङ्कमा आधारित)

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६३/६४ को पहिलो एघार महिनासम्ममा विस्तृत मुद्राप्रदाय १०.६ प्रतिशतले विस्तार भएको छ। अघिल्लो वर्ष १०.६ प्रतिशतले विस्तार भएको थियो। मौद्रिक क्षेत्रको खुद आन्तरिक सम्पत्तिको वृद्धि समीक्षा अवधिमा उच्च रहे तापनि विदेशी विनिमय मूल्याङ्कन नाफा-नोक्सान समायोजित खुद वैदेशिक सम्पत्तिको वृद्धि अघिल्लो वर्षको तुलनामा न्यून रहेकोले मुद्राप्रदायको वृद्धिदर कम रहेको हो।

२. विस्तृत मुद्राप्रदायका अंशहरूमध्ये संकुचित मुद्राप्रदायको वृद्धिदर अघिल्लो वर्षको १०.२ प्रतिशतबाट समीक्षा अवधिमा ६.६ प्रतिशतमा झरेको छ भने आवधिक निक्षेपको वृद्धि पनि सीमान्त दरले न्यून रहेको छ। अघिल्लो वर्षको पहिलो एघार महिनासम्ममा आवधिक निक्षेपको वृद्धि १३.८ प्रतिशत रहेको तुलनामा समीक्षा अवधिमा १२.५ प्रतिशतले बढेको छ। निर्यात तथा विप्रेषण आप्रवाहको वृद्धिदर न्यून रहेकोले मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्तिको वृद्धिमा कमी आएकोले आवधिक निक्षेपको वृद्धिदर न्यून रहेको हो।

३. अघिल्लो वर्ष खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) २०.३ प्रतिशत (रू. २१ अर्ब ८६ करोड) ले बढेकोमा समीक्षा अवधिमा ४.५ प्रतिशत (रू ६ अर्ब २४ करोड) ले बढेको छ। निर्यात तथा विप्रेषण आप्रवाहको वृद्धिदर अघिल्लो वर्षभन्दा कम रहेको कारणले गर्दा समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्तिको वृद्धिदर कम रहन गएको हो।

### कुल आन्तरिक कर्जा

४. मौद्रिक क्षेत्रको कुल आन्तरिक कर्जा समीक्षा अवधिमा १२.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो कर्जा ९.८ प्रतिशतले बढेको थियो। अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा गैरवित्तीय सरकारी सँस्थाहरू र गैरसरकारी वित्तीय संस्थाहरूमाथि वाणिज्य बैंकहरूको दावी बढेको छ। साथै, निजी क्षेत्रतर्फको कर्जा विस्तारमा केही सुधार आएकोले आन्तरिक कर्जाको वृद्धिदर केही उच्च हुन पुगेको हो।

५. आन्तरिक कर्जाका अंशहरूमध्ये नेपाल सरकारमाथिको खुद दावी अघिल्लो वर्ष २.६ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ५.३ प्रतिशतले घटेको छ। समीक्षा अवधिमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रू. ६ अर्ब १७ करोड नगद बचत रहेको हुँदा नेपाल सरकारमाथि मौद्रिक क्षेत्रको खुद दावी घट्न गएको हो।

६. गैरवित्तीय सरकारी संस्थाहरूमाथिको दावी भने समीक्षा अवधिमा ५५.४ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा यस्तो दावी १०.६ प्रतिशतले घटेको थियो। समीक्षा

अवधिमा नेपाल आयल निगम, नेशनल ट्रेडिङ्ग लिमिटेड, जनक शिक्षा सामाग्री केन्द्र र नेपाल खाद्य सँस्थानले बैकिङ्क क्षेत्रबाट थप कर्जा उपयोग गरेकोले उक्त दावी बढेको हो ।

७. आन्तरिक कर्जाको मुख्य अंशमध्ये निजी क्षेत्रमाथिको दावी अघिल्लो वर्ष १३.५ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १७.२ प्रतिशतले बढेको छ। निजी क्षेत्रका बैंकहरूले कर्जा प्रवाह बढाएकोले निजीक्षेत्रतर्फ जाने समग्र बैंक कर्जामा विस्तार आएको हो । ब्याजदर न्यून रहेको पृष्ठभूमिमा निजी क्षेत्रका बैंकहरूले नयाँ लगानीका क्षेत्र पहिल्याई आफ्नो कर्जा व्यवसायमा विविधीकरण गरेका कारण निजी क्षेत्रतर्फ जाने कर्जामा विस्तार आएको हो ।

८. खुद गैरमौद्रिक दायित्व अघिल्लो वर्ष १३ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ९.१ प्रतिशतले मात्र बढ्यो । नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकले समीक्षा अवधिमा खराब कर्जा र ब्याजको केही अंश अपलेखन गरेकोले कर्जा नोक्सानी व्यवस्था र ब्याज मुल्तबी हिसाब घट्न गई गैरमौद्रिक दायित्व वृद्धि समीक्षा अवधिमा कम दरले बढेको हो ।

## विदेशी मुद्रा कारोवार

९. नेपाल राष्ट्र बैंकले अघिल्लो वर्ष विदेशी विनिमय बजारमा वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ६८ करोड १८ लाखको खुद खरिद गरी रू ४९ अर्ब ४० करोड बराबरको खुद तरलता प्रवाह गरेकोमा समीक्षा अवधिमा अमेरिकी डलर ८१ करोड ४५ लाख खुद खरिद गरी रू ५७ अर्ब ८६ करोड बराबरको तरलता प्रवाह गऱ्यो । निजी क्षेत्रको विप्रेषण आप्रवाहको वृद्धिमा कमी आएको भए पनि परिमाण केही उच्च रहेको र आयातको वृद्धि अघिल्लो वर्षको तुलनामा न्यून रहेकोले समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूबाट उच्च मात्रामा अमेरिकी डलरको खरिद गर्नुपरेको हो ।

१०. भारतीय रूपैयाँको सञ्चिति व्यवस्थापन गर्ने क्रममा समीक्षा अवधिमा भारतीय मुद्रा बजारबाट अमेरिकी डलर ८२ करोड बिक्री गरी रू ५७ अर्ब ३६ करोड बराबरको भा.रू. खरीद भएको छ। आर्थिक वर्ष २०६२/६३ को यसै अवधिमा अमेरिकी डलर ५५ करोड बिक्री गरी रू ३९ अर्ब २७ करोड बराबरको भा.रू. खरिद भएको थियो ।

तालिका १
वाणिज्य बैंकहरूबाट अमेरिकी डलर खरीद र भारतीय मुद्रा बजारमा
अमेरिकी डलरको बिक्री गरी भा.रू. खरिद
(पहिलो एघार महिनासम्म)

(रू अर्बमा)

| | २०६२।६३ | | २०६३।६४ | |
|---|---|---|---|---|
| महिना | वाणिज्य बैंकहरूबाट अमेरिकी डलरको खुद खरिद | अमेरिकी डलर बिक्री गरी भा.रू. खरिद | वाणिज्य बैंकहरूबाट अमेरिकी डलरको खुद खरिद | अमेरिकी डलर बिक्री गरी भा.रू. खरिद |
| साउन | १.१८ | ४.१८ | ६.५५ | ३.७४ |
| भदौ | २.१६ | ३.५१ | ४.७५ | ४.४६ |
| असोज | ३.७८ | ४.२४ | ५.५९ | ५.१३ |
| कात्तिक | ६.२० | २.९० | ५.१३ | ५.७६ |
| मंसिर | ४.८३ | ३.६६ | ६.८८ | ४.३० |
| पुस | ४.३६ | २.१६ | ५.४२ | ४.९८ |
| माघ | २.९३ | ३.५४ | २.८५ | २.१२ |
| फागुन | ५.२६ | ४.९७ | ७.२६ | ४.९५ |
| चैत | ३.९२ | ५.०० | ३.५३ | ५.५३ |
| वैशाख | ५.०२ | ०.७२ | ४.५० | ७.९२ |
| जेठ | ९.७५ | ४.३९ | ५.४० | ८.४७ |
| कुल | ४९.४० | ३९.२७ | ५७.८६ | ५७.३६ |

## खुलाबजार कारोवार

११. अमेरिकी डलर तथा भारतीय मुद्राको खरिद-बिक्री समायोजनपछि बाँकी रहेको तरलतालाई खुला बजार कारोवार सञ्चालनमार्फत प्रशोचन गरियो। समीक्षा अवधिमा कारोवारको आधारमा बिक्री बोलकबोलबाट रू. १६ अर्ब २५ करोड र रिभर्स रिपो बोलकबालेबाट रू.१४ अर्ब ६ करोड गरी कुल रू. ३० अर्ब ३१ करोड बराबरको तरलता प्रशोचन भयो भने रिपो कोलकबोलबाट कुल रू २ अर्बको तरलता प्रवाह भई रू २८ अर्ब ३१ करोड बराबरको खुद तरलता प्रशोचित भएको छ। अघिल्लो वर्ष बिक्री बोलकबोलबाट रू. ९ अर्ब ३६ करोड र रिभर्स रिपो बोलकबोलबाट रू.६ अर्ब ५० करोड गरी कुल रू १५ अर्ब ८६ करोडको तरलता प्रशोचन भएकोमा खरिद बोलकबोल तथा रिपो बोलकबोलमार्फत क्रमशः रू. ८३ करोड र रू ४५ करोड तरलता प्रवाह भई रू १४ अर्ब ५८ करोड बराबरको खुद तरलता प्रशोचन भएको थियो।

तालिका २
खुला बजार कारोवार स्थिति (पहिलो एघार महिनासम्म)

(रू. अर्बमा)

| | | २०६२/६३ | २०६३/६४ |
|---|---|---|---|
| क | तरलता प्रशोचन | १५.८६ | ३०.३१ |
| | बिक्री बोलकबोल | ९.३६ | १६.२५ |
| | रिभर्स रिपो बोलकबोल | ६.५० | १४.०६ |
| ख | तरलता प्रवाह | १.२८ | २.०० |
| | खरिद बोलकबोल | ०.८३ | - |
| | रिपो बोलकबोल | ०.४५ | २.०० |
| ग | खुद तरलता प्रशोचन (क-ख) | १४.५८ | २८.३१ |


### स्थायी तरलता सुविधाको उपयोग

१२. अघिल्लो वर्ष वाणिज्य बैंकहरूले रू. ८ अर्ब ३ करोड मात्र स्थायी तरलता सुविधाअन्तर्गत ऋण उपयोग गरेकोमा समीक्षा अवधिमा रू. ३१ अर्ब २९ करोड बराबर सो सुविधा उपयोग गरेका छन् । वाणिज्य बैंकहरूले वित्त कम्पनी र विकास बैंकलाई अल्पकालीन कर्जा उपलब्ध गराउन थालेको समेतका कारण अल्पकालीन तरलता आवश्यक भएकोले उक्त सुविधाको उपयोग बढेको हो ।

### अल्पकालीन ब्याजदर

१३. समीक्षा अवधिमा व्यवस्थित तरलता व्यवस्थापनका कारण अल्पकालीन ब्याजदरमा ठूलो उतार चढाव आएन । उदाहरणको लागि, ९१ दिने ट्रेजरी बिल्सको भारित औसत ब्याजदर न्यूनतम १.८५ प्रतिशतदेखि अधिकतम २.९९ प्रतिशतसम्म रहेको छ । त्यस्तै, अन्तरबैंक कारोवारदर न्यूनतम १.२० प्रतिशतदेखि अधिकतम ३.३५ प्रतिशतसम्म रह्यो ।

चार्ट १ : ९१-दिने ट्रेजरी विल्सको भारित औसत ब्याजदर (प्रतिशतमा)



## धितोपत्र बजार

१४. वार्षिक विन्दुगत आधारमा नेप्से परिसूचक ५४.६ प्रतिशतले बढेर २०६४ जेठ मसान्तमा ५७५.०४ बिन्दुमा पुगेको छ। यो परिसूचक अघिल्लो जेठ मसान्तमा ३७२.०१ थियो ।

१५. २०६३ असार मसान्तलाई आधार मानी गणना गरिएको नेप्से Sensitive परिसूचक २०६४ जेठ मसान्तमा १४५.५८ रहेको छ। यो परिसूचक २०६३ वैशाख मसान्तमा १२८.५९ रहेको थियो ।

१६. २०६४ जेठ मसान्तमा बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ६७.२ प्रतिशतले वृद्धि भई रू १५५ अर्ब २४ करोड पुगेको छ। परिणामस्वरूप २०६४ जेठ मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २१.६ प्रतिशत पुगेको छ। यस्तो अनुपात अघिल्लो जेठ मसान्तमा १४.४ प्रतिशत रहेको थियो। सूचीकृत कम्पनीहरूको बजार पूँजीकरणमा विगतमाझैं बैंक तथा वित्तीय संस्थाहरूले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन् । जसअनुसार बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरूको ८४.२ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको ३.९ प्रतिशत, होटलहरूको २.० प्रतिशत, व्यापारिक संस्थाहरूको ०.५ प्रतिशत र अन्यको ९.४ प्रतिशत अंश रहेको छ ।

१७. सूचीकृत कम्पनीहरूको चुक्ता पूँजीको वार्षिक वृद्धि ८.१ प्रतिशत रही २०६४ जेठ मसान्तमा रू २१ अर्ब ४५ करोड पुगेको छ। नेपाल स्टक एक्सचेन्ज लि. मा थप धितोपत्रहरू सूचीकृत भएका कारण चुक्ता पूंजीमा वृद्धि भएको हो ।

१८. २०६४ जेठ मसान्तमा मासिक कारोवारको बजार पूँजीकरणसँगको अनुपात (Turnover Ratio) ०.५८ प्रतिशत रहेको छ। यस्तो अनुपात २०६३ जेठ मसान्तमा ०.६७ प्रतिशत थियो ।

१९. २०६४ जेठ मसान्तमा नेपाल स्टक एक्सचेञ्ज लि.मा सूचीकृत भएका कम्पनीहरूको संख्या १३४ रहेको छ। अघिल्लो जेठ मसान्तमा यो संख्या १३१ रहेको थियो। हाल सूचीकृत कम्पनीहरूमध्ये ९९ वटा वित्तीय संस्था, २१ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ५ वटा व्यापारिक संस्था र ५ वटा अन्य समूहमा रहेका छन् ।

२०. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६३ जेठ मसान्तमा ३१.९ रहेकोमा २०६४ जेठ मसान्तमा ६७.४ पुगेको छ।

२१. आर्थिक वर्ष २०६३।६४ को पहिलो एघार महिनामा नेपाल धितोपत्र बोर्डले १३ वटा वित्तीय संस्थालाई रू. २७ करोड ८२ लाख ५० हजार बराबरको साधारण शेयर, १५ वटा वित्तीय संस्थालाई रू १ अर्ब ८१ करोड ७२ लाख ५० हजार बराबरको अग्राधिकार शेयर र एक वित्तीय संस्थालाई रू. २५ करोड बराबरको डिवेञ्चर निष्कासनको लागि स्वीकृति प्रदान गरेको छ।

२२. नेपाल इन्भेष्टमेन्ट बैंकले ७ वर्ष भुक्तानी अवधि र ६.२५ प्रतिशत व्याजदर भएको 'नेपाल इन्भेष्टमेन्ट बैंक वण्ड २०७१' जारी गरेको छ। उक्त वण्ड व्यक्तिगत (Private Placement) तर्फ रू. २० करोड र सर्वसाधारण (Public Placement) को लागि रू. ५ करोड छुट्याइएकोमा सर्वसाधारणतर्फ छुट्याएको भन्दा ३८.४ प्रतिशत बढी माग भएको थियो ।

२३. २०६४ जेठ महिनामा नेपाल स्टक एक्सचेञ्ज लि. मा जम्मा दुईवटा कारोवारबाट रू. ३ करोड ५ लाख ११ हजार बराबरको २,६४,००० कित्ता सरकारी ऋणपत्रको कारोवार भएको थियो ।

### बैंक तथा वित्तीय संस्थाहरूको संख्यामा वृद्धि

२४. चालू आर्थिक वर्षको पहिलो एघार महिनाको अवधिमा थप दुईवटा वाणिज्य बैंक, नौवटा विकास बैंक, र तीनवटा वित्त कम्पनी स्थापना भएका छन् भने सीमित बैंकिङ्ग कारोबार गर्न इजाजत प्राप्त दुईवटा सहकारी संस्थाको इजाजत रद्द गरिएको छ।

तालिका ३

बैंक तथा वित्तीय संस्थाहरूको संख्या

| बैंक तथा वित्तीय संस्थाहरू | २०६३ असार मसान्त | २०६४ जेठ मसान्त |
|---|---|---|
| वाणिज्य बैंक | १८ | २० |
| विकास बैंक | २९ | ३८ |
| वित्त कम्पनी | ७० | ७३ |
| लघु वित्त कारोवार गर्ने संस्थाहरू | ११ | ११ |
| नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त सहकारी संस्थाहरू (सीमित बैंकिङ्ग कारोबार गर्न) | १९ | १७ |
| नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गैरसरकारी संस्थाहरू (लघु वित्त कारोवार गर्न) | ४७ | ४७ |

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

२५. आर्थिक वर्ष २०६३।६४ को एघार महिनामा मूल्य स्थितिमा थप सुधार आई वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.५ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको यसै अवधिमा वार्षिक उपभोक्ता मुद्रास्फीति ९.१ प्रतिशत रहेको थियो । २०६२ फागुन महिनामा पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिको आधार प्रभाव समाप्त हुनु, समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूह र गैरखाद्य तथा सेवा समूह दुबैको मूल्य वृद्धिदरमा उल्लेख्य कमी आउनु, तथा

केही महिना यता अमेरिकी डलरको तुलनामा नेपाली मुद्रा अधिमूल्यन भएको कारण आयातीत वस्तुको मूल्यमा कम चाप पर्नु समेतका कारण समीक्षा अवधिमा उपभोक्ता मुद्रास्फीतिमा सुधार आएको हो ।

२६. समूहगतरूपमा, समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्कको वृद्धिदर ५.८ प्रतिशत रहेको छ। २०६३ जेठमा यस्तो वृद्धिदर ९.१ प्रतिशत रहेको थियो। यस अवधिमा मसलाको मूल्यमा २१.४ प्रतिशतको उच्च वृद्धि तथा तरकारी तथा फलफूल र तेल तथा घ्यूको मूल्यमा सामान्य (क्रमशः ९.६ प्रतिशत, ९.१ प्रतिशत) वृद्धि भएको भए पनि चिनी तथा चिनीजन्य पदार्थको मूल्यमा भएको उल्लेख्य (१८.० प्रतिशत) गिरावट तथा दाल ( ८.० प्रतिशत), चामल तथा चामलजन्य पदार्थ (३.२ प्रतिशत) लगायतका खाद्यान्न (५.० प्रतिशत), र दूध तथा दुग्धजन्य पदार्थ (६.१ प्रतिशत) को मूल्य अघिल्लो वर्षको तुलनामा कम दरले बढेकोले खाद्य समूहको मूल्यमा कम चाप पर्न गएको हो। समीक्षा अवधिमा गैरखाद्य वस्तु तथा सेवा समूहको मूल्य वृद्धि पनि अघिल्लो वर्ष (९.० प्रतिशत) को तुलनामा निकै कम (३.१ प्रतिशत) रहेको छ।

२७. भौगोलिक आधारमा समीक्षा गर्दा, २०६४ जेठमा काठमाडौ उपत्यकामा ४.९ प्रतिशत, तराईमा ४.२ प्रतिशत र पहाडमा ४.३ प्रतिशत मूल्य वृद्धि भएको छ। २०६३ जेठमा यस्तो वृद्धिदर क्रमशः ७.९ प्रतिशत, ९.९ प्रतिशत र ९.० प्रतिशत रहेको थियो।

२८. आर्थिक वर्ष २०६३।६४ को पहिलो एघार महिना (२०६३ साउनदेखि २०६४ जेठ) सम्मको औसत मुद्रास्फीतिदर ६.६ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यसै अवधिमा सो दर ७.९ प्रतिशत थियो।

२९. २०६४ जेठमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) ५.० प्रतिशत रहेको छ। २०६३ जेठमा सो मुद्रास्फीति ५.३ प्रतिशत थियो।

## थोक मुद्रास्फीति

३०. २०६४ जेठमा वार्षिक विन्दुगत राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वृद्धिदर ५.५ प्रतिशत रहेको छ। अघिल्लो वर्ष उक्त वृद्धिदर ९.२ प्रतिशत थियो। २०६३ जेठमा कृषिजन्य वस्तु समूहको वार्षिक विन्दुगत थोक मूल्य १०.९ प्रतिशतले वृद्धि भएकोमा २०६४ जेठमा यस्तो वृद्धिदरमा उल्लेख्य कमी आई ५.८ प्रतिशतमा कायम रहन गएको छ। प्रमुख कृषिजन्य वस्तुहरूमध्ये समीक्षा अवधिमा नगदे वालीको मूल्यमा २६.२ प्रतिशतको उच्च वृद्धि देखिएको भए तापनि फलफूल तथा तरकारीको मूल्यमा २.२ प्रतिशतको गिरावट आएको तथा दाल (९.९ प्रतिशत), मसला (४.० प्रतिशत), पशुजन्य पदार्थ (४.० प्रतिशत) र खाद्यान्न (२.० प्रतिशत) को थोक मूल्यमा अघिल्लो वर्षको तुलनामा सामान्य वृद्धि भएकोले समग्रमा कृषिजन्य वस्तु समूहको मूल्यमा कम चाप परेको हो। आन्तरिकरूपमा उत्पादित तयारी वस्तुको थोक मूल्य भने २०६३ जेठमा २.७ प्रतिशतले वृद्धि भएकोमा २०६४ जेठमा ८.२ प्रतिशतले वृद्धि भएको छ। समीक्षा अवधिमा खासगरी निर्माण सामग्री (१२.७ प्रतिशत) र खाद्यजन्य वस्तु (९.५ प्रतिशत) को मूल्य अघिल्लो वर्षको तुलनामा उल्लेख्यरूपमा बढेको कारणले यस उपसमूहको मूल्यमा केही चाप पर्न गएको हो। अर्कोतर्फ आयातीत वस्तुको थोक मूल्य भने अघिल्लो वर्ष

१०.७ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ३.५ प्रतिशतले वृद्धि भएको छ। २०६२ फागुनमा पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिको आधार प्रभाव समाप्त भइसकेको र केही महिनायता नेपाली मुद्रा अमेरिकी डलरको तुलनामा अधिमूल्यन भएको कारण आयातीत वस्तुको मूल्यमा परेको सकारात्मक असर समेतले गर्दा यस उप-समूहको मूल्यमा कम चाप परेको हो ।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

३१. २०६४ जेठ महिनामा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क ११.६ प्रतिशतले बढेको छ। २०६३ जेठमा उक्त सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धि ५.७ प्रतिशत थियो । २०६२ साउनमा भएको सरकारी कर्मचारीहरूको १०.० प्रतिशतको भत्ता वृद्धि, केही समययता औद्योगिक मजदूरहरूको ज्यालादरमा भइरहेको वृद्धि, नेपाली युवाहरूको शहरोन्मुख प्रवृति तथा वैदेशिक रोजगारीतर्फको आकर्षण जस्ता कारणले गर्दा ग्रामीण क्षेत्रमा मजदूरहरूको आपूर्तिमा कमी आई समग्र राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क अघिल्लो वर्षको तुलनामा उच्च दरले बढेको हो । यस अवधिमा तलव सूचकाङ्कमा ६.२ प्रतिशत तथा ज्यालादर सूचकाङ्कमा १३.६ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष ती सूचकाङ्कहरूको वृद्धिदर क्रमशः ०.४ प्रतिशत र ७.७ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा औद्योगिक मजदूरको ज्यालादरमा २०.७ प्रतिशत, निर्माण मजदूरको ज्यालादरमा ११.२ प्रतिशत र कृषि मजदूरको ज्यालादरमा ९.४ प्रतिशतको उच्च वृद्धि देखिएको कारणले गर्दा ज्यालादर सूचकाङ्कमा चाप पर्न गएको हो ।

## सरकारी वित्त स्थिति

### सरकारी खर्च

३२. आर्थिक वर्ष २०६३/६४ को पहिलो एघार महिनासम्मको अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च २१.० प्रतिशतले वृद्धि भई २०६४ जेठ मसान्तसम्ममा रू. ९८ अर्ब ४२ करोड पुगेको छ। अघिल्लो वर्ष सरकारी खर्च १९.३ प्रतिशतले बढेको थियो । चालू तथा पूँजीगत दुबै खर्चको वृद्धिदरमा विस्तार आएको कारण कुल सरकारी खर्चको वृद्धि अघिल्लो वर्षको तुलनामा उच्च रहेको हो ।

३३. आर्थिक वर्ष २०६३/६४ को पहिलो एघार महिनासम्म नेपाल सरकारको चालू खर्च १५.४ प्रतिशतले बढी २०६४ जेष्ठ मसान्तसम्ममा रू.६१ अर्ब ३० करोड पुगेको छ। अघिल्लो वर्ष चालू खर्च १०.६ प्रतिशतले बढेको थियो । द्वन्द्वको क्षतिपूर्ति, प्रहरी चौकी पुनःस्थापना, माओवादी शिविर व्यवस्थापनलगायत शान्ति सुव्यवस्था कायम गर्ने कार्यले चालू खर्चमा चाप पारेको हो ।

३४. समीक्षा अवधिमा पूँजीगत खर्च ५१.३ प्रतिशतले वृद्धि भई रू. २० अर्ब ६३ करोड पुगेको छ। अघिल्लो वर्ष पूँजीगत खर्च ३८.२ प्रतिशतले बढेको थियो । आर्थिक वर्षको अन्त्यमा विकास निर्माणका कार्यहरूमा बढी खर्च हुने प्रवृत्ति र नेपाल सरकारले नेपाल आयल निगमलाई रू.१ अर्व प्रदान गरेको कारण समीक्षा अवधिमा पूँजीगत खर्चको वृद्धि दरमा विस्तार आएको हो ।

## साधन परिचालन

३५. आर्थिक वर्ष २०६३/६४ को पहिलो एघार महिनाको अवधिमा नेपाल सरकारको कुल साधन परिचालन २६.२ प्रतिशतले वृद्धि भई २०६४ जेठ मसान्तमा रू. ९१ अर्ब ४९ करोड पुगेको छ। अघिल्लो वर्ष कुल साधन १०.८ प्रतिशतले बढेको थियो। राजस्व परिचालन र वैदेशिक अनुदानमा उत्साहजनक वृद्धि भएकोले समीक्षा अवधिमा कुल साधनको वृद्धि उच्च रहेको हो।

## सरकारी राजस्व

३६. आर्थिक वर्ष २०६३/६४ को पहिलो एघार महिनाको अवधिमा सरकारको कुल राजस्व २०.८ प्रतिशतले वृद्धि भई २०६४ जेठ मसान्तमा रू. ७१ अर्ब २९ कारोड पुगेको छ। अघिल्लो वर्ष कुल राजस्व ०.५ प्रतिशतल मात्र बढेको थियो। विप्रेषण आप्रवाह र उपभोक्ता विश्वासमा भएको वृद्धिको फलस्वरूप मूल्य अभिवृद्धि करमा भएको वृद्धि, संस्थागत आयकर वृद्धि समेतको कारण आयकर राजस्वमा भएको वृद्धि र उच्च भन्सारदर तथा अन्तःशुल्क लाग्ने सवारी साधनहरू तथा पार्टपूर्जाको आयात बढेको फलस्वरूप भन्सार तथा अन्तःशुल्क राजस्व बढेकोले राजस्व परिचालन उत्साहजनक हुन पुगेको हो।

तालिका ४

राजस्व परिचालन (पहिलो एघार महिना)

| | रकम रू करोडमा | | | प्रतिशत परिवर्तन | | संरचना | |
|---|---|---|---|---|---|---|---|
| | २०६१/६२ | २०६२/६३ | २०६३/६४ | २०६२/६३ | २०६३/६४ | २०६२/६३ | २०६३/६४ |
| मूल्य अभिवृद्धि कर | १६२७.५ | १९३९.१ | २३६३.३ | १९.१ | २१.९ | ३२.९ | ३३.२ |
| भन्सार राजस्व | १३७९.५ | १३३२.९ | १४८४.६ | -३.४ | ११.४ | २२.६ | २०.८ |
| आयकर | ८०६.० | ८५२.६ | ११२०.३ | ५.८ | ३१.४ | १४.४ | १५.७ |
| अन्तशुल्क | ५५७.७ | ५५६.३ | ७५५.६ | -०.३ | ३५.८ | ९.४ | १०.६ |
| घरजगा रजिस्ट्रेशन दस्तुर | १४९.४ | २३४.२ | २३९.४ | ५६.८ | २.२ | ४.० | ३.४ |
| सवारी कर | ७५.२ | ७०.२ | ६७.८ | -६.७ | -३.४ | १.२ | १.० |
| गैरकर राजस्व | १२७५.१ | ९१७.२ | १०९७.६ | -२८.१ | १९.७ | १५.५ | १५.४ |
| कुल राजस्व | ५८७०.५ | ५९०२.५ | ७१२८.५ | ०.५ | २०.८ | १००.० | १००.० |

## वैदेशिक नगद अनुदान

३७. आर्थिक वर्ष २०६३/६४ को पहिलो एघार महिनासम्म वैदेशिक नगद अनुदान ६६.२ प्रतिशतले वृद्धि भई रू. १३ अर्ब ३८ करोड पुगेको छ। अघिल्लो वर्ष विदेशी नगद अनुदान ६५.७ प्रतिशतले बढेको थियो।

### बजेट घाटा/बचत स्थिति

३८. आर्थिक वर्ष २०६३।६४ को पहिलो एघार महिनासम्मको नगद प्रवाहमा आधारित सरकारी वित्त स्थिति विस्तारकारी रहेको छ। कुल सरकारी खर्चको तुलनामा कुल साधन परिचालन कम भएको कारण यस अवधिमा बजेट घाटा बढेको हो । चालू आर्थिक वर्षको पहिलो एघार महिनासम्म सरकारी बजेट रू. ६ अर्ब ९३ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा बजेट रू. ८ अर्ब ८४ करोडले घाटामा थियो ।

### न्यून वित्त परिचालन

३९. न्यून वित्त परिचालनको उपायको रूपमा परिचालन गरिने आन्तरिक ऋण आर्थिक वर्ष २०६३/६४ को बजेटमा रू. १७ अर्ब ९० करोड उठाइने अनुमान गरिएकोमा आर्थिक वर्षको पहिलो एघार महिनासम्ममा रू. १० अर्ब ३ करोड परिचालन भएको छ ।

४०. न्यून वित्त परिचालनको अर्को उपाय, वैदेशिक नगद ऋण आर्थिक वर्ष २०६३।६४ को पहिलो एघार महिनासम्ममा २१.१ प्रतिशतले घटी रू. २ अर्ब ७० करोडमा झरेको छ। अघिल्लो वर्ष रू. ३ अर्ब ४३ करोड बराबर वैदेशिक नगद ऋण परिचालन भएको थियो ।

४१. आर्थिक वर्ष को २०६३।६४ पहिलो एघार महिनासम्ममा नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रू. ६ अर्ब १७ करोड नगद बचत कायम रहेको छ ।

## वैदेशिक व्यापार र शोधनान्तर स्थिति

४२. आर्थिक वर्ष २०६३/६४ को पहिलो एघार महिनासम्ममा बाह्य क्षेत्रतर्फ मिश्रित उपलब्धि हासिल भएको छ। समीक्षा अवधिमा कुल निर्यातको वृद्धिदर ०.८ प्रतिशतमा सीमित रहेको छ । अघिल्लो वर्षको पहिलो एघार महिनामा कुल निर्यात २.९ प्रतिशतले बढेको थियो । बिग्रँदो सुरक्षा स्थिति, बारम्बारको बन्द तथा लोडसेडिङ्ग जस्ता विविध कारणहरूले निर्यातयोग्य वस्तुको उत्पादनमै प्रतिकूल असर पर्नुका साथै बाह्य जगतमा नेपाली उत्पादनको माग घटेको समेतले गर्दा निर्यात वृद्धिमा कमी आएको हो । समीक्षा अवधिमा भारततर्फको निर्यात २.१ प्रतिशतले बढेको छ भने अन्य मुलुकतर्फको निर्यात २.० प्रतिशतले ह्रास भएको छ। अघिल्लो वर्ष भारततर्फको निर्यात ५.५ प्रतिशतले बढेको थियो भने अन्य मुलुकतर्फको निर्यात २.१ प्रतिशतले घटेको थियो ।

४३. भारततर्फ मुख्यतया धागो, जस्तापाता, कपडा, एम.एस.पाइप र जुसको निर्यातमा वृद्धि भएको कारण त्यसतर्फको निर्यात केही बढेको हो भने विशेषगरी तयारी पोशाक, पश्मिना, हस्तकलाका सामान, ऊनी गलैंचा र नेपाली कागज तथा कागजबाट निर्मित सामानको निर्यातमा कमी आएकोले अन्य मुलुकतर्फको निर्यात ह्रास भएको हो ।

४४. आर्थिक वर्ष २०६३/६४ को पहिलो एघार महिनामा कुल आयात ११.० प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल आयात १६.६ प्रतिशतले बढेको थियो । कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष २०.८ प्रतिशतले बढेकोमा यस वर्ष

१०.८ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष १०.४ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ११.३ प्रतिशतले वृद्धि भएको छ।

४५. समीक्षा अवधिमा भारतबाट मुख्यतया सवारी साधन तथा पाटपूर्जा, कोल्ड रोल्ड शीट इन क्वाइल, हट रोल्ड शीट इन क्वाइल, विद्युतीय सामाग्री र पेट्रोलियम पदार्थको आयात बढेको छ भने अन्य मुलुकबाट विशेषगरी कच्चा पाम तेल, सुन, कम्प्युटर पार्ट्स्, दूरसञ्चारका सामग्री एवं औषधिको आयातमा उल्लेख्य वृद्धि भएको छ।

४६. आर्थिक वर्ष २०६३/६४ को पहिलो एघार महिनामा रू. ६ अर्ब २४ करोडको समग्र शोधनान्तर बचत भएको छ। यसमध्ये रू. ३ अर्ब ३५ करोड चालू खाता बचत रहेको छ भने बाँकी रू. २ अर्ब ८९ करोड पूँजी तथा वित्तीय खाता बचत रहेको छ। अघिल्लो आर्थिक वर्षको पहिलो एघार महिनामा रू. २१ अर्ब ८६ करोड शोधनान्तर बचत भएको थियो। सो अवधिमा चालू खातातर्फ रू. १२ अर्ब ९८ करोड बचत भएको थियो। समीक्षा अवधिमा विप्रेषण आप्रवाह ३.९ प्रतिशतले वृद्धि भएको छ। अमेरिकी डलरमा भने विप्रेषण आप्रवाह ५.७ प्रतिशतले बढेको छ। समीक्षा अवधिमा पनि चालू खाता बचतको लागि विप्रेषणको योगदान प्रमुख रहेको छ।

## विदेशी विनिमय सञ्चिति

४७. २०६३ असार मसान्तदेखि २०६४ जेठ मसान्तसम्ममा बैंकिङ्ग क्षेत्रको कुल विदेशी विनिमय सञ्चिति १.६ प्रतिशतले ह्रास भई रू. १ खर्ब ६२ अर्ब ४१ करोड रहेको छ। आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा यस्तो सञ्चिति २३.३ प्रतिशतले बढेको थियो। नेपाली रूपैयाँको अमेरिकी डलरसँगको अधिमूल्यनको कारण समीक्षा अवधिमा विदेशी विनिमय सञ्चितिमा ह्रास आएको हो। कुल विदेशी विनिमय सञ्चिति अमेरिकी डलरमा २०६२ असारदेखि २०६३ जेठ मसान्तसम्ममा १८.१ प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा ११.४ प्रतिशतले वृद्धि भई अमेरिकी डलर २ अर्ब ४८ करोड पुगेको छ। कुल सञ्चितिमा परिवर्त्य सञ्चितिको अंश २०६३ जेठ मसान्तमा ९३.४ प्रतिशत रहेकोमा २०६४ जेठ मसान्तमा ९५.० प्रतिशत पुगेको छ भने अपरिवर्त्य सञ्चितिको अंश ६.६ प्रतिशतबाट घटेर ५.० प्रतिशत रहन गएको छ। आर्थिक वर्ष २०६३/६४ को पहिलो एघार महिनाको आयातलाई आधारमान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले १०.३ महिनाको वस्तु आयात र ८.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले सञ्चितिको स्तर सुविधाजनक रहेको छ।

## कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति

४८. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६३ जेठ मसान्तमा प्रतिव्यारल अमेरिकी डलर ६६.०८ रहेकोमा २०६४ जेठ मसान्तमा ६.३ प्रतिशतले बढी प्रतिव्यारल अमेरिकी डलर ७०.२२ पुगेको छ। यस अवधिमा सुन पनि १४.७ प्रतिशतले महँगो भएको छ। २०६३ जेठ मसान्तमा एक आउन्स सुनको मूल्य अमेरिकी डलर ५६९.५० रहेकोमा २०६४ जेठ मसान्तमा अमेरिकी डलर ६५३.२५ पुगेको छ।

विनिमय दर प्रवृत्ति

४९. २०६३ असार मसान्तको तुलनामा २०६४ जेठ मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग १३.३० प्रतिशतले अधिमूल्यन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग ४.२२ प्रतिशतले अवमूल्यन भएको थियो। २०६३ जेठ मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रू. ७३.४५ रहेको मा २०६४ जेठ मसान्तमा उक्त विनिमय दर रू. ६५.४० रहेको छ।